# प्रदेश राजपत्र

## प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

**खण्ड ३) बुटवल, रूपन्देही, बैशाख २३ गते, २०७६ साल (अतिरिक्ताङ्क ८**


## भाग १

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन नं. ६

## प्रदेश नं. ५ प्रदेश पशु वधशाला तथा मासु जाँच गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** सबै उपभोक्ताहरुले स्वच्छ र गुणस्तरीय मासु तथा मासुजन्य खाद्य पदार्थ उपभोग गर्न पाउने अवस्था कायम गर्न वातावरण संरक्षण सहित पशु वधशाला स्थापना गर्ने र मासु जाँच गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५, प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश नं. ५, पशु वधशाला तथा मासु जाँच ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "पशु" भन्नाले गाई, गोरु, साँढे बाहेक भाले जातको खसी वा बोका, भेडा, च्याङ्ग्रा, सुंगुर, बंगुर, बँदेल, राँगो, खरायो वा मासुको लागि योग्य देखिएको प्रजनन अयोग्य भैंसी, बाख्रा, पोथी जातको भेंडा, च्याङ्ग्रा, सुंगुर, बंगुर, बँदेल वा खरायो सम्झनु पर्छ र सो शब्दले भाले वा पोथी जातको कुखुरा, हाँस, परेवा, अस्ट्रिच, टर्की, बट्टाई, कालिज वा मासुको प्रयोजनको लागि पालिएको अन्य पशुपन्छी र माछा समेतलाई जनाउने छ ।

(ख) "पशु वधशाला" भन्नाले मासुको निमित्त पशु वध गर्न बनाइएको घर वा ठाउँ सम्झनु पर्छ ।

(ग) "पशु वध स्थल" भन्नाले मासुको निमित्त पशु वध गर्न बनाइएको सानो घर वा ठाउँ सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कार्य जिम्मेवारी रहेको प्रदेश नं. ५ को मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "मासु" भन्नाले मानिसले खान योग्य स्वस्थकर माछा र पशुपन्छीको मासु सम्झनु पर्छ ।

(च) “मासु निरीक्षक” भन्नाले दफा ६ बमोजिम नियुक्ति गरिएको वा तोकिएको मासु निरीक्षक सम्झनु पर्छ ।

(छ) “मासु सुपरीवेक्षक” भन्नाले दफा ७ बमोजिम तोकिएको मासु सुपरीवेक्षक सम्झनु पर्छ ।

(ज) “मासु बिक्रेता” भन्नाले व्यावसायिक रुपमा मासु बिक्री गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(झ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

३. **इजाजत पत्र नलिई पशु वधशाला र वध स्थल स्थापना गर्न वा मासु बिक्री गर्न नपाइने:** यस ऐन बमोजिम इजाजत पत्र नलिई कसैले पनि पशु वधशाला र वध स्थल स्थापना गर्न वा मासु विक्री गर्न पाउने छैन।

४. **पशु वधशाला र वध स्थलको स्थापना:** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशको कुनै पनि क्षेत्रमा पशु वधशाला र वध स्थल स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गैर सरकारी निजी समूह र सहकारी क्षेत्रमा पशु वधशाला र वध स्थल स्थापना गर्न मन्त्रालयले तोकिए बमोजिम इजाजत दिन सक्नेछ ।

५. **इजाजत पत्र:** (१) पशु वधशाला र वध स्थल स्थापना गर्न वा मासु बिक्रेताको काम गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ ।

(२) पशु वधशाला र वध स्थल उद्योगको रुपमा स्थापना तथा सञ्चालन गर्न मन्त्रालयमा र व्यवसायको रुपमा स्थापना तथा सञ्चालन गर्न सम्बन्धित स्थानीय तह समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दरखास्त पर्न आएमा तोकिएको अधिकारीले त्यस्तो दरखास्तको सम्बन्धमा आवश्यक जाँचबुझ

गरी दरखास्तवालालाई पशु वधशाला र वध स्थल स्थापना गर्न वा मासु बिक्री गर्न इजाजत पत्र दिनेछ ।

(४) मासु उद्योग वा व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले पालन गर्नु पर्ने शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

६. **मासु निरीक्षकको नियुक्तिः** (१) मन्त्रालयले पशुपन्छी र मासु जाँच गर्नका लागि पशु चिकित्सा विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको व्यक्तिलाई मासु निरीक्षकको पदमा नियुक्ति गर्न वा तोक्न सक्नेछ।

**स्पष्टीकरणः** पशु वधशाला र वध स्थल स्थापना गर्ने इजाजत दिनु पूर्व सम्बन्धित स्थानीय तहको सिफारिस लिन सकिनेछ ।

(२) यस ऐनमा लेखिएका काम, कर्तव्य तथा अधिकारको अतिरिक्त मासु निरीक्षकको सेवा सुविधा, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

७. **मासु सुपरीवेक्षक तोक्न सक्नेः** (१) पशु वधशाला र वध स्थल व्यवस्थापन र मासु निरीक्षकको काममा सुपरीवेक्षण गर्नको लागि पशु चिकित्सा विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी नेपाल पशु चिकित्सा परिषद्मा दर्ता भएको कुनै कर्मचारीलाई मन्त्रालयले मासु सुपरीवेक्षक तोक्न सक्नेछ ।

(२) मासु निरीक्षक नियुक्त नभएको अवस्थामा मन्त्रालयले मासु सुपरीवेक्षकलाई नै मासु निरीक्षकको काम समेत गर्ने गरी तोक्न सक्नेछ।

(३) मासु सुपरीवेक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

८. **पशु वध गर्नु अघि जचाउनु पर्नेः** (१) कुनै पशु वध गर्नुभन्दा अघि पशु वधशाला र वध स्थल स्थापना भएको क्षेत्रमा पशु वधशाला र वध स्थलमा र पशु वधशाला र वध स्थल स्थापना नभएको क्षेत्रमा मासु

सुपरीवेक्षकले तोकेको स्थानमा त्यस्तो पशु जँचाउनु पर्नेछ । पशु जाँच गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गरिएको पशुपन्छी वध गर्न उपयुक्त देखिएमा मासु निरीक्षकले तोकिए अनुसार चिन्ह समेत अंकित गरी त्यस्तो पशुपन्छी वध गर्ने अनुमति दिनेछ ।

(३) उपदफा (१) बमोजिम जाँच गरिएको पशुपन्छी रोगी देखिएमा त्यस्तो पशुपन्छी वध गर्न मासु निरीक्षकले रोक लगाउनेछ ।

९. **पशु वधशाला र वध स्थलमा पशु वध गर्नुपर्नेः (१)** दफा ८ बमोजिम वध गर्न उपयुक्त देखिएको पशुपन्छीलाई पशु वधशाला र पशु वध स्थलमा वध गर्नु पर्नेछ तर प्रचलित कानून बमोजिम निषेध गरिएका दिनमा पशुपन्छी वध गर्न पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पशु वधशाला र वध स्थल स्थापना नभएको क्षेत्रमा मासु सुपरीवेक्षकले स्थानीय तहको समन्वयमा तोकेको समय र स्थानमा त्यस्तो पशुपन्छी वध गर्नु पर्नेछ ।

१०. **वध गरिएको पशुपन्छीको मासु जाँच गर्नु पर्नेः** (१) दफा ९ बमोजिम वध गरिएको पशुपन्छीको मासु निरीक्षकले तोकिए बमोजिम जाँच गर्नु पर्नेछ ।

(२) मासु निरीक्षकले उपदफा (१) बमोजिम वध गरिएको पशुपन्छीको मासु जाँच गर्दा त्यस्तो मासुमा केही खराबी वा रोग भएको पाइएमा त्यस्तो मासु आंशिक वा पूर्ण रुपमा बिक्री वितरणको लागि निषेध गर्नेछ ।

(३) यस दफाको प्रयोजनको लागि मन्त्रालयले मासु जाँच गर्ने प्रयोगशाला तोक्ने छ ।

११. **मासु बिक्री गर्न नपाइनेः** (१) दफा २ को खण्ड (क) मा उल्लेखित पशु बाहेक अन्य पशुको मासु बिक्री गर्न पाइने छैन ।

(२) रोग लागी वा कालगतिले मरेको पशुको मासु बिक्री गर्न पाइने छैन ।

(३) छाला सहितको मासु बिक्री गर्न पाइने छैन । तर पन्छी, सुंगुर, बंगुर वा बँदेलको मासु र पशुको जात चिनाउन आवश्यक पर्ने जति हिस्साको मासु वा पशुको टाउको वा खुट्टा छाला सहित बिक्री गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(४) आफ्नो परम्परा र संस्कृतिको लागि यस दफाले बाधा पुऱ्याउने छैन ।

१२. **मासुमा छाप वा चिह्न लगाउनु पर्नेः** (१) मासु निरीक्षकले पशुपन्छीको मासु जाँच गरी मासु बिक्री गर्न अनुमति दिंदा त्यस्तो मासुमा तोकिए बमोजिमको छाप वा चिह्न स्पष्ट देखिने गरी लगाउनु पर्नेछ ।

(२) मासु बिक्रेताले उपदफा (१) बमोजिम छाप वा चिह्न नलगाएको मासु बिक्री गर्न पाउने छैन ।

१३. **मिसावट गरी मासु बिक्री गर्न नहुनेः** (१) एक प्रकारको पशुपन्छीको मासुलाई अर्को प्रकारको पशुपन्छीको मासु हो भनी वा एक प्रकारको पशुपन्छीको मासु र अर्को प्रकारको पशुपन्छीको मासु मिसावट गरी बिक्री गर्न पाइने छैन ।

(२) मासुको स्वाभाविक गुण वा स्वाद परिवर्तन गर्ने वा तौल बढाउने गरी कुनै पदार्थ मासुमा मिसाई बिक्री गर्न पाइने छैन ।

१४. **दस्तुर लाग्नेः** यस ऐन बमोजिम पशुपन्छी वा मासु जाँच गराउँदा लाग्ने दस्तुर तोकिए बमोजिम हुनेछ ।

१५. **प्रवेश गर्न सक्नेः** मासु निरीक्षक वा मासु सुपरीवेक्षकले जुनसुकै बेला पशु वधशाला र वध स्थल वा मासु बिक्री गरिने स्थानमा प्रवेश गरी पशुपन्छी वा मासु जाँच गर्न वा मासुको नमूना लिन सक्नेछ । सो कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१६. **बाधा नहुनेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि परम्परादेखि चलिआएको चाडपर्व, धार्मिक पूजा आजा, कुनै भोज भतेर वा धार्मिक उत्सव जस्ता कार्यको सिलसिलामा पशु वधशाला र वध स्थल बाहेकका स्थानमा पशुपन्छी वध गर्न बाधा पुऱ्याएको मानिने छैन ।

१७. **दण्ड सजायः** (१) दफा ३, दफा ८ को उपदफा (१) वा (३), दफा ९, दफा १० को उपदफा (२), दफा ११ को उपदफा (१) वा (२) वा (३) वा दफा १२ को उपदफा (२), दफा १३ को उपदफा (१) वा (२) र दफा १४ उल्लंघन गर्ने व्यक्तिलाई पहिलो पटक भए दश हजार देखि पचास हजार रुपैयाँसम्म र दोस्रो पटक सो को दोब्बर वा कसुरको प्रकृति हेरी लाईसेन्स खारेज र एक महिना जेल सजाय वा दुवै सजाय हुनेछ ।

१८. **अधिकार प्रत्यायोजनः** यस ऐन बमोजिम मन्त्रालयले केही अधिकार आवश्यकता अनुसार कुनै निकाय वा व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ।

१९. **प्रदेश सरकार वादी हुनेः** यस ऐन अन्तर्गतको मुद्दामा प्रदेश सरकार वादी हुनेछ ।

२०. **मुद्दाको तहकिकात र दायरीः** (१) यस ऐन अन्तर्गतको कसूरको तहकिकात मासु निरीक्षकले गर्नेछ र तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्दा मुद्दाको तहकिकात गर्ने कर्मचारीले सरकारी वकिलसित राय सल्लाह लिन सक्नेछ ।

२१. **मुद्दा हेर्ने अधिकारीः** (१) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा हेर्ने अधिकारी मन्त्रालयबाट तोकिने छ ।

(२) पुनरावेदन सुन्ने अधिकारी मन्त्रालयको सचिव हुनेछ ।

२२. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

२३. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२४. **बचाउः** यस ऐन जारी हुनुपूर्व भए गरेका कामहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

प्रमाणीकरण मितिः २०७६/०१/२३

**आज्ञाले,**
**केशवराज आचार्य**
**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय